# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No. २०६९/०८० मिति : २०७९/०९/२१

**पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति विज्ञान तथा प्रविधि संकाय समूह-क र B.A.LL.B. कार्यक्रमको Second-Awarded List (Program and College) प्रकाशित सम्बन्धि सूचना !**

(क) पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७९ बाट मिति २०७९/०६/२९ गते लिएको विज्ञान तथा प्रविधि संकाय समूह-क र मिति २०७९/०८/२४ गते लिएको Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.) कार्यक्रम छात्रवृत्ति छनौंट प्रवेश परीक्षाको योग्यताक्रम सूचि (Merit List) मा समावेश भएका र अनुसूचि-४ को अनलाईन फाराम भरी आफूले अध्ययन गर्न चाहेको प्राथमिकताको आधारमा एउटा संकायबाट बढीमा ३ वटासम्म शैक्षिक कार्यक्रम र एउटा शैक्षिक कार्यक्रमकोलागि बढीमा ३ वटासम्म शैक्षिक संस्थाको नाम भरेको विवरणको आधारमा समितिले पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियम १४(३) अनुसार संलग्न बमोजिमको **Second-Awarded List (Program and College)** सम्बन्धित सबैकोलागि प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

ख) प्रकाशित **Second-Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुलाई निजहरुले अनलाईनबाट माग गरेको कलेजहरुमा स्थानान्तरण (college placement) गर्दा मुख्य गरेर निजहरुले प्राप्त गरेको प्राप्तांकलाई आधारमानी गरिएको छ । **Second-Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुले मिति २०७९/०९/२४ गतेदेखि मिति २०७९/०९/२९ गतेसम्म पत्र बुझि सम्बन्धित कार्यक्रम र शैक्षिक संस्थामा गइ भर्ना भइ सक्नुपर्ने छ । अन्यथा छात्रवृत्ति प्राप्त नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

ग) **Second-Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुले पेश गरेको कागजातहरु कुनैपनि समय छानविनको क्रममा झुट्टा भएको प्रमाणित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्तिबाट हटाइनेछ ।

प्रकाशित गरिएको सूचना र सम्बन्धि सम्पूर्ण विवरण विश्वविद्यालयको वेभसाइट **www.pu.edu.np** र छात्रवृत्ति शाखाको **https://scholarship.pu.edu.np** मा समावेश भएको हुदा सम्बन्धित उम्मेदवारहरुलाई दिएको Link मा गई विवरण हेर्न जानकारी गराईन्छ । साथै प्रकाशित **Scholarship Awarded List** मा कुनै भुलचुक भइ गलत विवरण समावेश भएको रहेछ भने त्यसलाई सच्चाउने अधिकार छनौंट समितिमा निहित रहने छ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७९


P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039